संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

तु - होटल बिक्रिमा

गाईघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१७, ▶▶ अंक ८ भदौ २५ गते शुक्रबार,२०७८, Septmber–10 Friday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/-www.majhkharka.com

नेपाली काङ्ग्रेस त्रियुगा हाँक्ने को बन्ला शक्तिशाली

❖ मुलुकी संवाददाता

उदयपुर, भदौ २४

आउँदो २६ गतेहुन गईरहेको नेपाली कांग्रेसको त्रियुगा नगर अधिवेशनमा प्रकाश खड्का र सुमन चौधरीबीच सभापतिमा पौंठेजोरी हुनेभएको छ। सदरमुकामको नगरपालिका भएकाले जिल्लाको सबभन्दा महत्वपूर्ण स्थानीयतहमा गनिने त्रियुगामा खड्का र चौधरीले आआफ्नो नेतृत्वमा प्यानल बनाएर प्रतिस्पर्धामा उत्रिएका हुन्।

खड्का समूहमा नीरबहादुर आलेमगर र गपिताकुमारी चौधरी उपसभापतिमा भिड्दैछन् भने सचिवमा केशवप्रसाद पौडेल र भविन्द्र राई तथा सहसचिवमा फुलकुमारी अधिकारी (कल्पना) र अर्जुनकुमार राउत मैदान उत्रिएका छन्। उनीहरुसँग प्रतिस्पर्धा गर्न चौधरी प्यानलबाट उपसभापतिमा उमेशकुमार बुडढाथोकी र शर्मिला थापा (सबु), सचिवमा रुद्रप्रसाद पोखरेल र धनबहादुर कटुवाल (डिबी तथा नवीन राई र किरण कोदारे दनुवारले सहसचिवमा उम्मेदवारी दिएका छन्।

दुवै समूहले पत्रकार सम्मेलन गर्दै आआफनो प्यानलको घोषणा गरेर प्रचारप्रसार अभियानलाई तिब्रता दिएको बताएका छन्। 'युवा र अग्रजको परस्पर हार्दिक्ता, समग्र नगरबासी कांग्रेसको एकता' भन्ने नाराका साथ आपुहरु आन्तरिक चुनावी प्रतिस्पर्धामा अघि बढेको नेताहरुले बताएका छन्।

राष्ट्रियता! लोकतन्त्र! समाजवाद!
जय नेपाल !

कटारीका युवाको मृत्यु

❖ मुलुकी सवाददाता

कटारी, भदौ २४

उदयपुरको कटारी नगर पालिकाका २६ वर्षीय रमेश राउतको ट्याक्टर दुर्घटनामा परी ज्यान गएको छ। सोलुखुम्बुको सल्लेरीबाट सामान लिएर बुधबार दिउसो सोताङतर्फ जाने क्रममा ट्याक्टर आफै अनियन्त्रित भई सडकदेखि १० मिटर तल खस्दा राउतको ज्यान गएको हो।

राउत आफै चालक रहेको लु ३ त ५४५० नम्बरको ट्याक्टर सोलुखुम्बुको थुलुङदुधकोशी गाउँपालिका ८ दिप्लीघाटस्थित आफै दुर्घटना भएर घटनास्थलमै मृत्यु भएको स्थानीय प्रहरी चौकी मुक्लीले जनाएको छ।

दुर्घटनामा परी सहचालक खोटाङ ऐसेलुखर्क ३ का १८ वर्षीय प्रदिप दाहाल सामान्य घाईते भएका छन्। उनको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भईरहेको छ। प्रहरी चौकी मुक्ली र जिल्ला प्रहरी कार्यालय सोलुबाट खटेको संयुक्त टोलीले घट्नास्थलको सर्जमिन मुचुल्का गरी शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल फाप्लु पठाएको त्यहाँका प्रहरीलाई उद्धृत गर्दै प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ।

HOTEL RN & LODGE
HOTEL RN LODGE
Triyuga Municipality-11 Gaighat
ROOM
AC/NON AC

सगरमाथा यातायात

गाईघाटदेखि काठमाडौ र काठमाडौदेखि गाईघाट सम्मको सुबिधा सम्पन्न यात्राको लागि सगरमाथा यातायात।
भोला खड्का। सम्पर्क - ९८४०४१९८१२

गाईघाट-काठमाडौं सुमो सेवा
प्रो गणेश भट्टराई
९८४२८२३९७४
९८१४७२४६२९
अभिषेक
९८१४७३६४२०
गाईघाट सम्पर्क
९८४२९१४४०२
९८०९९९६७००
दैनिक सेवा
बाट पनि टिकट काटिनेछ ।
काठमाडौं बाट खुर्कोट सिन्धुली बर्दिबास लाहान गाईघाट
मुर्कुची जोगीदह हडिया बेल्टार शिवाई रामपुर फत्तेपुर
नेपाल भरी गाडी रिजभमा चाहिएमा सम्पर्क गर्नुहोला ।

राष्ट्रियता! लोकतन्त्र! समाजवाद!
नेपाली काँग्रेस
१४ औ महाधिवेशन

राष्ट्रियता! लोकतन्त्र! समाजवाद!
युवा र अग्रजको परस्परमा हार्दिकता ॥
समग्र नगर बासी कांग्रेसमा एकता ॥
१४ औं नगर-अधिवेशन
जय नेपाल !

सम्पादकीय

तिजको सन्देश

बिहिबार देशभर नै नेपाली महिलाहरु तिजको अवसरमा ब्रत बस्ने, पुजापाठ गर्ने, मन्दिरमा भगवानको दर्शन गर्ने, साथीहरु एक अर्कालाई भेटघाट गर्ने, चेलीहरु माईतीमा आएर दरका नाममा मिठो खानेकुरा खाने काग गरे । नेपाली आमा दिदी बहिनीहरु संसारभर जहाँ-जहाँ रहेका छन् ति सबै ठाउँमा यसरी नै तिज मनाए ।

तिज यस्तो चाँड बन्यो कि यस चाडले सबैलाई एकिकृत बन्न, सहयोगी बन्न, खुशी साटासाट गर्न सिकायो । नेपाली महिला, नारीहरुलाई तिजले सकारात्मक बन्न, धर्म, परम्परालाई कायम गर्न पनि सिकायो । यस्तै तिजले दुख, पिडा, त्रासलाई पनि एक दिनको लागि खुलेर बिर्सन सिकायो । बिहिबारको तिजको दिन नेपाली महिला, आमा, दिदीबहिनी, नारीहरुको जुन आत्मबिश्वास, साहस, खुशी थियो यि सबैले महिला, नारीलाई अझ सशक्त, आत्मबिश्वासिलो, बलवान, पिडारहित, र संस्कारी बन्न सिकाएको छ । तिजले गर्दा महिलाहरुमा एउटा परम्परालाई संस्थागत बनाउन पनि सिकाएको छ । तिज जस्तै अन्य समाजमा रहेका राम्रा कामलाई यसरी नै एकिकृत भएर राम्रो गर्ने हो भने हाम्रो समाज अघि बढाउन कुनै लामो समय लाग्ने थिएन । तिजले दिन खोजेको सन्देश भनेको तिजमा सबै महिला, नारीहरुको मुहारमा खुशी प्रकट हुन्छ । कामकाजी महिला, नारीहरु पनि तिजको दिन पुरै फुर्सद भएर साथी, इष्टमित्र, आफन्त, परिवार, माईतीघरलाई समय दिएको पाईन्छ । तिजमा नेपाली नारीहरुलाई सबैलाई समानताको लागि भए पनि खर्च भने कटौटी गर्नु पर्ने देखिन्छ । अहिले जुन परिबेश, संस्कार देखिएको छ । तिजको लागि बेग्लै भिन्नै कपडा लगाउने, सुनको भारी लगाउने परम्परा बानीले समाजमा एउटा त्रासको बातावरण सिर्जना हुन्छ । जस्तो तिजमा महिलाहरुले लगाउने सुन र कपडाको कारण आर्थिक स्थिती कमजोर हुने आमा, दिदी, बहिनीहरुले त्यो सुन, कपडा किन्न नसक्ने पनि अबस्था हुन सक्छ । कम आयस्रोत भएका आमा दिदीबहिनीहरुले त्यस्तो अबस्थामा आफुलाई कमजोर भएको महशुस गर्न सक्दछन् । तिजको दिन लगाउने सुन भनेको नाच, गानले गर्दा भिडभाडमा हराउन पनि सक्छ । यस्तो अबस्थामा सुन, गर गहना लगाउनाले अर्को पिडा दिन सक्छ । सकेसम्म तिजमा महङ्गो सुन नलगाऔ । आर्थिक स्थिती सवल हुनेले सुन कपडा लगाउनेले आर्थिक स्थिती कमजोर भएका महिलाहरुलाई दबाब हुन सक्छ । उनीहरुले आफ्नो श्रीमान, परिबारलाई तनाब दिन सक्छ । त्यस समयमा ति परिबारका सदस्यहरुलाई तिज नआईदिए पनि हुने, यस्तो दबाब झेल्नु भन्दा नझेल्नु राम्रो भन्ने पनि हुन सक्छ । त्यसैले तिजलाई सबैले सकरात्मक, कम खर्चमा नै सम्पन्न गर्ने चलन बनाऔं ।

मुलुकी दैनिक र मेरो भेट

ऋषि राई

किरात राई विद्यार्थी संघको यात्रामा गाईघाटसँग नजिकिने मौका मिल्यो । त्यसबेलाको राई विद्यार्थी संघको हाम्रो नेतृत्व गर्ने अग्रज दाजुद्वय भोटराज राई र गोकुल चाम्लिङ् , उहाँहरु त्यतिवेलाको राई विद्यार्थीको नेता । उहाँहरुपछी हामीले नेतृत्व सम्हाल्यौं केही समय भन्दापनि किरात राई विद्यार्थी संघको तत्कालिन केन्द्रिय सदस्य सम्मको जिम्मेवारी राम्रैसँग निभाईयो जस्तो लाग्छ स्वमूल्याकंनमा ।

यिनै दौडान कहिले वैठक , कहिले सम्मेलनका लागि गाईघाट आउजाउ हुन थाल्यो । र नजिकिदै जाँदा मेरो पारिवारिक पृष्ठभूमीपनि पत्रकारितातिर नजिक साथै मलाई पनि यो पत्रपत्रिका पढ्न , समाचार सुन्न र वुझ्न औधि रुची लाग्ने यसै शिलशिलाले पनि होला , उहाँहरु (भोटराज , र गोकुल)पनि पत्रकारितानै गर्नुभएकाले झन नजिक भयौं ।



मुलुकी दैनिक

परिचय-पत्र

ऋषि राई

सम्वाददाता, उदयपुर

पत्रकार

मान्यअवधि : २०६७/१२/३०

आधिकारिक हस्ताक्षर :

त्यतिवेला पूर्णपुष्टी साप्ताहिकको कार्यालय यहि घर भन्ने अहिले मलाई यकिन भएन तर केहि तला माथि थियो । गाउँको युवा क्लब दर्ता गर्न जाँदा भनसुन नपुगेर दाईहरुलाई भेट्न त्यहाँ पुगेका थियौं । चिनजानको यात्रा भने किरात राई विद्यार्थीसंघकै थियो । त्यसै क्रममा पत्रकारितामा हौसला दिनुभयो भोटराज दाईले त्यसपछी केहि एउटा कृषी सम्बन्धि हस्तलिखित समाचार दाईलाई छोंडे त्यो पूर्णपुष्टिमा छापियो , अहो त्यसपछी त पत्रकारिताको भूत मनमा झनै झाँगियो ।

गाईघाटमा पत्रकारितामा एकखालको राईमाहोल थियो त्यसमा कटारीमा म पनि थपिएको थिंए । पूर्णपुष्टिमा त्यसवेला यमकुमार राई , स्व. सचिन भट्टराई पनि सहकर्मी हुनुहुन्थ्यो । २०६७ चैत्र महिनाको एकसाँझ पक्कैपनि अन्य कामले नै होला गाईघाट पुगेको थिंए । त्यतिवेला खुब तातिएर मुलुकी दैनिक प्रकाशनमा दाजुहरु लाग्नुभएको थियो । घर यकिन छैन मलाई अहिले सायद भुईतलामा हो , महेश्वर , भोटराज , र अर्को दाजु हुनुहुन्थ्यो उजुर दाजु , जहाँसम्म मलाई लाग्छ उजुर दाजुले त्यतिबेला ठूलो क्यामेरा बोक्नुभएको थियो । लाग्थ्यो यस्तै क्यामेरा बोक्न पाएपनि हुन्थ्यो ॥

सवै दैनिक पत्रिका निकाल्ने व्यस्तताकावीच मलाई तुरुन्तै संवाददाता बनाईहाल्नुभयो ,फोटो खिचिहालिदिनुभयो , आईडीकार्ड पनि बनिहाल्यो , भोटराज दाजुको हुनुपर्छ हस्ताक्षर । अनि म पनि मुलुकीसँग जोडिंए , त्यसपछी महेश्वर चाम्लिङ् दाजुसँगको नियमित कुराकानि पश्चात धेरै समयसम्म पटक पटक नियमित मुलुकीसँग काम गर्ने अवसर पाईयो ॥

एकदशकको वीचमा मुलुकीले कहिले प्रकाशन गर्न सकेन , कहिले प्रकाशन भयो , अहिले फेरी निरन्तर प्रकाशन भईरहेकोमा खुसी लागेको छ । यसलाई थुप्रै जनाले पृष्ठभूमी बनाउनुभयो । जिम्मेवारी लिनुभयो र यहाँसम्म यो आईपुगेको छ । यसको आर्थिक पाटो आफ्नो ठाउँमा छ , उदयपुरलाई नियमित प्रकाशन हुने राम्रो दैनिक पत्रिकाको अहिले पनि खाँचो छ जसलाई मुलुकीले निरन्तरताका साथ पुरा गरोस ॥

अन्य सहरहरुका पत्रिका वर्षौदेखि नियमित प्रकाशनमा छन् । उदयपुरकै दैनिक पत्रिकाहरु किन नियमित प्रकाशन हुन सक्दैनन् ? उदयपुरको पत्रकारिताको विकासका लागि कसले के सोच्नु पर्छ त्यसतर्फ हामी सवैले सोचौं ॥ पत्रकारितामा नयाँ पुस्ता किन उर्जावान भएर आउन सकेका छैनन् यसबारेमा पनि जिल्लाको पत्रकारिताको अभिभावकको रुपमा नेतृत्व गर्ने मुलुकीले सोच्न आवश्यक छ , भन्दै १७ औं वर्ष प्रवेशको शुभकामना ॥

-नेपाल पत्रकार महासंघ शाखा उदयपुरका सहसचिव ,लेखक राई कटारीबाट पत्रकारिता गर्नुहुन्छ ।

सानुमाया फर्निचर उद्योग

प्रोपाईटर
कैलाश खत्री

सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर। सम्पर्क – ९८११७५०८४४

प्रियंका फैन्सी पसल

तिजको नयाँ डिजाईनको सारी, कुर्ता सुरुवाल पाईन्छ ।

यहाँ सुपथ मूल्यमा कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, वच्चाको कपडा सेट लगायत अन्य विभिन्न डिजाइनका कपडाहरु पाइन्छ ।

स्थान - गाईघाट. मेनचोकको पूर्वतर्फ साइड । सम्पर्क - ९८४२८७६६८४

लाफागाउँदेखि धरानसम्मको यात्रा

❖ बेद कुमारी राई

उदयपुर जिल्लाको हाल रौतामाई गाविसको वाड नं. २ लाफागाउको सोरुखुमा बस्ने नरमान राई र सवलछि राई का कोखबाट जन्म लिएका ४ छोरा ३ छोरी गरी जम्मा ७ सन्तान मध्य विर्ख राई माएइलो सन्तान हुन् ।

उनको जन्म २०७ साल चैत ३ गत्ते सोरुखुमा भएको थियो । उनि अहिले ७१ वर्षका भएका छन् । उनीहरु ७ सन्तान मध्य अहिले उनि र उनका कान्छि बहिनी मात्र छन् बाकी सबै सोर्गिय भएको उनले बताए। उनले टोर्के भन्ने ठाउमा रहेको विद्यालयमा कक्षा ५ सम्म अध्यन गरेको थिए । उनिसंगै अध्यन गर्ने साथी विष्णु कार्की र विद्ययाराज कार्की का घरमा बसेर पढेको उनको सम्झाई छ ।

२०१९ सालमा उनले ५ कक्षा पास गरेर घर खेति गरेर १० बर्ष सम्म बसेका थिए । त्यसपछि उनले १५ बर्षको उमेरमा २०२२ साल फागुन महिनाको १० गत्तेका दिन गाउमै विवाह गरेका थिए। उनका सन्तान ४ जना मध्य २०२८ सालमा उनका छोरा शुशिल राई नामको जन्मे लगत्ते २८ बर्षको उमेरमा उनि दुर्गटनामा परि स्वर्गिए भएको र २०३२ सालमा रिता राई नामको छोरी जन्मे,२०३७ सालमा भाइकजी नामको दोस्रो छोरा जन्मे र २०४३ सालमा कान्छि छोरी गिता नामको जन्मेका हुन् । उनका कान्छि छोरी स्टार्प नर्स,छोरा ब्रिटिस आर्मी छन् । उनले २०२८ साल भदै ३ गत्ते उनले घर छोडेर गए देखि २०२८ साल भदौ २४ गत्ते देखि जागिरी सुरु गर्न थाले ।

उनले ज्यालादारी रुपमा ८० रुपैयाको तलबमा काम गरेका थिए । त्यसैबखत २०२८ सालमा जागीरी गर्दै धरानमा डेरा भडा रु १० रुपैया तिरेर बसेको उनि बताउछन् । उनले २०२९ सालमा प्रमोसन गरेर १२० रुपैया तलबमा मुखिया स्तरमा जागिर गर्न थालेका थिए । उनले भोजपुरको विद्‌यालय मावि बाट पाइभेटबाट सेन्टर दिएर एस्.एल्.सी २०३६ सालमा दिएका थिए ।

त्यसपछि आइ.ए. उनले धरानको महेन्द्र क्याम्पसमा गरेका थिए। उनको वाडमा त्यतिवेलाको समयमा स्कुल पढ्ने व्यक्तिमध्य उनिमात्र थिए। २०२२ सालमा भुमिसुधार लागु सुधार लागु भएलगत्तै त्यसको वडा समिति वडा सदस्य भएर काम समेत गरेका थिए । ठिक त्यतिबेला नै उनको पद उन्नति भएको कारण राजा महेन्द्र वितेपछि विरेन्द्र राजाले देशको कर्मचारीहरुलाई ३ सय रुपैयाको दरले तलब बृद्धि गराए लगातार प्रतेक वर्ष र्याङकको आधारमा तलब बृद्धि भइरहेको अवस्थामा उनले ३८ बर्ष सम्म सेवा गरेर २०६७ साल फागुन २७ गत्ते रिटायर भएका थिए ।

त्यसपछि उनले सुनशरी जिल्लामा २३ वर्ष सम्म स्वास्थ्य र जनस्वास्थ्य सम्वन्धि जनतालाई सेव प्रदान गरेका थिए। ८० रुपैयामा जागीरी सुरु गरेका राईले २०६७ सालसम्ममा १४ हजारसम्मको तलबमा काम गरेका थिए । उनले निजामति सेवामा ३८ वर्ष काम गरेका थिए । कर्मचारीहरु आप्नो सेवामा भन्दा पाटीको सेवामा लाग्ने,पटिको नेताको सेव गरेर सरुवा बढुवा गर्ने जस्ता कार्य कर्मचारी ले गर्ने भएकाले अहिले सम्म अनेकतन्त्र परिवर्तन भयो तर कर्मचारी तन्त्र पुरानै शैलिबाट चलिरहेको उनको भनाई छ ।

उनले रिटार्यपछि सामाजिक सस्थामा काम गरे उनि धरानको वडा नं.१८ को वडा अध्यक्ष पनि भएका थिए । हाल उनि धरानको किँरात राई यायोखाको अध्यक्ष को भुमिका निर्बाह गरीरहेका छन् ।

त्रियुगा जनता बहुमुखी क्याम्पस मोतीगडा
गाईघाट, उदयपुर
Faculties
Management
Humanities
Education
+2 मा भर्ना खुल्यो !
कार्यक्रम
प्रवेश परीक्षा भाद्र ४ गते शुक्रबार
परामर्श कक्षा भाद्र १३ गते
९८५२८३५३६३
९८४२८२६६७०
९८५२८३५६७०
Computer Science मा सिट संख्या मात्र ३०
Visit Us At Least Once, Then feel the Difference !!

सम्पूर्ण सामानहरु
एउटै छानामुनि...
समरमाथा डिपार्टमेन्ट स्टोर

होटल एण्ड यलाखोम
एण्ड सेकुवा कर्नर
त्रि.न.पा.-११, अखारी रोड, गाईघाट
होटल यलाखोममा स्वागत छ ।

युनिक रेष्टुरेन्ट
Unique Restaurant
त्रि.न.पा. ११, विगुत मार्ग

प्रोपाईटर – प्रविण बस्नेत
होमडेलिभरीको लागि

चिकेन म:म:.............	१००
चिकेन फाई म:म:	.१२०
चिकेन सी म:म...........	१५०
चिकेन चाउमिन	..१५०
अण्डा चाउमिन...........	..१००
भेज चाउमिन.............	७०
भटमास चिउरा सादेको..	.६०
चिकेन रोष्ट...............	९०
चिकेन रोष्ट खाजा सेट..	१५०
चिकेन सादेको..............	३००
चिकेन चिल्लि	३००
चिकेन पकौडा................	३००
चिकेन फाई................	..२००
भेज पकौडा..................	१००
मटन पक्कु....................	४००
पक्कु खाजा सेट	४३०
मटन भुटन..................	३००
मटन भुटन खाजा सेट....	३३०

नेपालसँग बंगलादेश २–१ ले पराजित

❖ बिबेक राई

गाईघाट, भदौ २४

नेपाली पुरुषको राष्ट्रिय फुटबल टोली भारतसँग २-१ ले पराजित भएको चार दिनपछि नेपाली महिला टोलीले बंगलादेशलाई २-१ ले पराजित गरिदिएको छ । आउँदै गरेको साफ च्याम्पियनसिपको तयारिको लागि भनेर नेपाली पुरुष टोलीले भारतसँग दुई मैत्रीपूर्ण खेल खेलेको थियो । एक हप्ताअघि गत बिहिबार पहिलो मैत्रीपूर्ण खेलमा १-१ को प्रतिस्पर्धात्मक बराबरी खेलेपनि नेपालले गत आईतबार दोस्रो मैत्रीपूर्ण खेलमा भारतसँग २-१ को हार व्योहोरेको थियो ।

दुई मैत्रीपूर्ण खेल सकेर भारतीय टोली गत सोमबार नै आफ्नो देश फर्केको थियो । त्यही दिन दुई मैत्रीपूर्ण खेल खेल्नु भनेर नै बंगलादेशको महिला टोली नेपाल आइपुगेको थियो । नेपालका लागि चर्चित स्ट्राइकर सावित्रा भण्डारी उपचाररत हुँदा उनको अनुपस्थितिको फाइदा उठाउँदै बंगलादेशले नेपालविरुद्ध ऐतिहाँसिक पहिलो जित निकाल्ने दाबि गरेको थियो । तर नेपाली टोलीमा पहिलोपटक स्थान बनाएका खेलाडीले डेब्यू खेलमै डेब्यू गोल गरिदिएपछि बंगलादेशको सपना चकनाचुर भयो ।

काठमाडौं त्रिपुरेश्वरस्थीत दशरथ रंगशालामा सविता रानामगर र प्रिती राईले डेब्यू खेलमै डेब्यू गोल गरेका थिए । विमला चौधरीको चलाखिपूर्ण पासमा सविताले १३ औं मिनेटमा हेडगोल गर्दै नेपाललाई छिट्टै नै अग्रता दिलाएकी थिइन् । २३ औं मिनेटमा सरु लिम्बूको पासमा प्रितीले बल अघि बढाउँदै लगेर मिठो गोल गरेपछि नेपाल आधा घण्टा हुन नपाउँदै दुई गोलको सहज अग्रता लिन सफल भएको थियो । यसअघि प्रितीले टोलीमा मौका पाए प्रमाणित गरेर देखाउने बताएकी थिइन् ।

१६ वर्ष पुगिनह्लालेकी स्ट्राइकर प्रिती अहिलेको टोलीमा सबैभन्दा कान्छी खेलाडी हुन् । छिट्टै दुई गोलको अग्रता लिएपनि नेपालले त्यसपछि थप गोल गर्न सकेन । बरु ८३ औं मिनेटमा थोउरा खातुनले बंगलादेशको लागि एक गोल भएपनि फर्काइन् । खेलपछि नेपालको तर्फबाट प्रिती नै म्यान अफ द म्याच अफ नेपाल टिम हुँदै पच्चीस हजार हातपार्न सफल भइन् । यसअघि नेपाल र बंगलादेशको छ भेटमध्येएकमात्र बराबरी र पाँचमा नेपाल विजयी भएकोमा सातौं भेटमा पनि बंगलादेश जित्न सफल भएन ।

नेपाल र बंगलादेश दुवैले आउँदो एएफसी महिला एशियन कप छनौट खेलको तयारीस्वरुप एकअर्कासँग मैत्रीपूर्ण खेल खेलेका हुन् । छनौटको लागि नेपाल समुह एफ र बंगलादेश समुह जी मा परेका छन् । समुहमा विजेता हुनेले मात्र २०२२ मा भारतमा हुने प्रतियोगितामा भाग लिनु पाउनेछ । त्यसैगरि नेपाली पुरुष फुटबल टोली थप बन्द प्रशिक्षणको लागि बिहिबार कतार गएकोछ । त्यहाँ करिब १७ दिनको प्रशिक्षणपछि टोली कतारको राजधानी दोहाबाट साफ खेल्नु सोझै माल्दिभ्स जानेछ ।

यता बिहिबार नै भएको सी डिभिजन छनौटमा गोलबजार स्पोर्ट्स क्लब र बागेश्वरी युथ क्लबले ३-३ को बराबरी खेलेका छन् । गोलबजारको लागि म्यान अफ द म्याच विश्वास राईले तेस्रो, ३४ र ५९ औं मिनेटमा ह्याट्रिक गर्दा बागेश्वरीको लागि ३७ औं मिनेटमा सुजन स्याङ्तेन र ७२ औं र ७९ औं मिनेटमा विक्की महर्जनले गोल गरेका थिए । त्यसअघि भएको समुह आई को खेलमा चाँहि दिव्याश्वरी एफसीले युथ हसनटार क्लबलाई २-१ ले पराजित गर्‍यो ।

न्यू हलेसी फुटवेयर सप्लायर्स
त्रि.न.पा.-११ गाईघाट

यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ । साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ । उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ ।

सावीत्रा देवी सप्लायर्स एण्ड ट्रेडर्स
त्रि.न.पा. ११, असारी रोड
यहाँ घर निर्माण सम्वन्धि सम्पूर्ण सामानहरु पाउनुको साथै विजुलीका सामानहरु पनि सुपथ मूल्यमा पाईन्छ ।
सम्पर्क नं. ९८१८६११८१०१

"An Educational Utopia"
NESS Offers
ADMISSION OPEN
+2
LAW
AYURVEDA
MANAGEMENT
Hotel Management, Computer Science
HUMANITIES
Nanuna English Secondary School
Shivalaya Tole, Triyuga Municipality-11

बिके किराना पसल
३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्पित......
प्रोपाइटर
स्थान त्रिनपा-११ गाईघाट, असारी रोड

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट